# नेपालमा बालश्रम उन्मूलन

## तथ्य, आँकडा, प्रतिबद्धता र कार्य

## नेपालमा बालश्रम

बालश्रम र विशेष गरेर यसका निकृष्ट स्वरूपहरू विश्वभरिनै ठूलो समस्याका रूपमा देखापरेका छन् र नेपाल यसको अपवाद हुन सक्दैन । विश्वव्यापी रूपमा यसमा केही कमी आएतापनि अझै २२ करोड ५० लाख बालबालिका निषेधित बालश्रममा संलग्न छन् र तीमध्ये ११ करोड ५० लाखको विशाल सङ्ख्यामा बालश्रमिकहरू जोखिमपूर्ण काममा संलग्न रहेका छन् ।[१]

## नेपालमा बालश्रम र बालबालिकाले गर्ने कामसम्बन्धी तथ्य र आँकडा

- नेपालका ५ देखि १७ वर्ष उमेरका जम्मा सतहत्तर लाख बालबालिकामध्ये अनुमानित ३१ लाख ४० हजार (४०.४ प्रतिशत) बालबालिका रोजगारीमा (काममा) संलग्न छन् र उनीहरू बहुसङ्ख्यक ग्रामीण क्षेत्रमा रहेका छन् ।[२]
- काममा संलग्न बालबालिकामध्ये दुईतिहाइ १४ वर्षभन्दा कम उमेरका छन् ।[३]
- काममा संलग्न कुल बालबालिकामध्ये आधा सङ्ख्या (१६ लाख बालबालिका) बालश्रमको समूहभित्र पदर्छन् जसले गर्दा बालबालिकाको शिक्षामा अवरोध पुग्ने वा ती बालबालिकाको स्वास्थ्य वा शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक वा सामाजिक विकासमा हानि पुग्ने सम्भावना हुन्छ ।[४]
- ६ लाख २१ हजार बालबालिका जोखिमपूर्ण काममा संग्लन रहेको अनुमान गरिएको छ ।[५]
- बालक (३६ प्रतिशत) भन्दा धेरै सङ्ख्यामा बालिकाहरू (४८ प्रतिशत) काममा संलग्न छन् र जोखिमपूर्ण काममा संलग्न बालबालिकामध्ये ६० प्रतिशत बालिका छन् ।[६]
- काठमाडौं उपत्यकामा अनुमानित ११ हजार देखि १३ हजारको सङ्ख्यामा बालिका तथा महिलाहरू 'रात्रिकालीन मनोरञ्जन व्यवसाय' (क्याबिन रेस्टुरेन्ट, डान्सबार, दोहोरी रेस्टुरेन्ट र मसाज पार्लर) मा काम गर्दछन् र तिनीहरूमध्ये अधिकांश यौनजन्य क्रियाकलापमा संलग्न हुन बाध्य छन् तथा बेचविखन हुने जोखिममा छन् । मनोरञ्जन क्षेत्रमा काम गर्ने कामदारमध्ये लगभग आधा सङ्ख्याका कामदार १८ वर्ष पुग्नु अघि नै यो व्यवसायमा प्रवेश गरेको देखिन्छ ।[७]
- प्राथमिक विद्यालय जाने उमेरका ४.५ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर छन् ।[८]

नेपाल श्रमिक सर्वेक्षण, २००८ (Nepal Labour Force Survey, 2008) को नतिजाले आर्थिक क्रियाकलापमा संलग्न ५ देखि १४ वर्षका बालबालिकाको सङ्ख्या तीव्र रूपले घटेको देखाउँछ । सन् १९९८ मा २० लाखमा रहेको यो सङ्ख्या सन् २००८ मा लगभग १५ लाखमा झरेको छ र यो प्रवृत्ति शहरी र ग्रामीण क्षेत्र दुवैमा लागू हुन्छ । ती मध्ये अझै लगभग ३४ प्रतिशत बालबालिका ५-१४ वर्ष उमेरका रहेका छन् । ५ देखि १४ वर्ष उमेर समूहको बालश्रममा कमि  र बालश्रमका केही क्षेत्रहरु जस्तैः गलैंचा  बुन्ने, केही रोडा-ढुङ्गा खानी, बिँडी उत्पादन, भरिया, बाँधा श्रम र सशस्त्र बल वा सशस्त्र समूहमा संलग्न बालबालिका जस्ता क्षेत्रमा १५-१७ वर्षको उमेर समूहमा बाल श्रमिकको सङ्ख्या वृद्धि हुनाले दुर्भाग्यवश बालश्रमको कुरा धेरै हदसम्म ओझेलमा परेको छ । त्यस्तै बालश्रमका नयाँ क्षेत्रहरू देखापरेका छन् र देशका विभिन्न स्थानमा वयस्कको मनोरञ्जन तथा यौन व्यवसायसँग सम्बन्धित क्रियाकलापमा विशेषगरी बालिका र सडकमा सामान डुलाएर बिक्री गर्ने, राजमार्गमा सामान बिक्री गर्ने, सीमा वारपार सानोतिनो तस्करीलगायत खुद्रा काम गर्ने, इँटाभट्टा, घरायसी काम, जरी भर्ने काम तथा साइकल एवम् मोटरसाइकल मर्मत जस्ता काममा बाल श्रमिकको सङ्ख्या बढेको तथ्याङ्कले देखाएको छ ।

## बालश्रमका कारण र परिणाम

गरिबी, अपर्याप्त शिक्षा, कानुनी र रोजगारी संरचना, समग्र समाजमा र विशेषगरी अभिभावकमा रहेको अल्पज्ञान र सचेतनाको कमी, लैङ्गिक

---

१ आधारभूत सिद्धान्त तथा काममा अधिकारसम्बन्धी आइ.एल.ओ. घोषणापत्र, अन्तर्राष्ट्रिय श्रम सम्मेलन सन् २०१० मा जेनेभामा भएको ९९औं सत्र/बैठकको अनुगमन (Follow up) अन्तर्गत 'बालश्रमविरुद्धको कार्यलाई तीव्रता' शीर्षकको विश्वव्यापी प्रतिवेदन ।

२ नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभाग तथा अन्तर्राष्ट्रिय श्रम कार्यालयः नेपालमा बालश्रम प्रतिवेदनको मस्यौदा, २०१० (नेपाल श्रमशक्ति सर्वेक्षण २००८/०९ को तथ्याङ्कमा आधारित)

३ सोही पुस्तकमा उल्लेख भएको

४ सोही पुस्तकमा उल्लेख भएको

५ सोही पुस्तकमा उल्लेख भएको

६ सोही पुस्तकमा उल्लेख भएको

७ तेरे दे जोम्स् (२०१०): नेपालको मनोरञ्जन तथा यौन उद्योगमा मानव बेचविखन तथा शोषणः नीति-निर्माता/निर्णयकर्ताका लागि हाते पुस्तिका

८ शिक्षा विभाग/ शिक्षा व्यवस्थापन सूचना प्रणाली (२०६९): फ्लास १ अनुसार कुल विद्यार्थी भर्ना दर ९५.५ प्रतिशत र विद्यालय बाहिर रहेका बालबालिकाको दर ४.५ प्रतिशत छ ।

भेदभावलगायत सामाजिक र सांस्कृतिक व्यवहार/अभ्यास, कानुनी नीति, संरचना र तिनको कार्यान्वयनलगायत बाल संरक्षणका पर्याप्त उपायको कमी यी सबै बालश्रम र यसका सम्बन्धित परिणामका उल्लेख्य कारण हुन् ।

यसका अतिरिक्त गरिबी, निरक्षरता र शिक्षाको अभाव, अनौपचारिक आर्थिक गतिविधिले कानुनी संरक्षणको कमि तथा सम्बन्धित संस्थाहरुको अपर्याप्त सामर्थ्य/क्षमता विद्यमान रहेसम्म नेपालमा बालश्रम रहिरहनेछ ।

## बालश्रमसँग सम्बन्धित राष्ट्रिय कानुन तथा कानुनी संरचना

सन् १९९० मा नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घको बालअधिकार सम्बन्धि महासन्धिमा हस्ताक्षर गरी आर्थिक शोषण हुनबाट बालबालिकाको अधिकारको सुरक्षित गर्ने प्रतिबद्धता जाहेर गरेको छ । रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेरसम्बन्धी आइ.एल.ओ. महासन्धि नं १३८ र निकृष्ट प्रकारको बालश्रमसम्बन्धी महासन्धि नं १८२ लाई क्रमशः सन् २००३ र सन् २००४ मा अनुमोदन गरेर नेपाल सरकारले बालश्रमको निवारण गर्ने थप प्रतिबद्धता व्यक्त गरेको छ ।

अन्तर्राष्ट्रिय रूपमा गरिएको प्रतिबद्धतापश्चात् बालबालिकासम्बन्धी ऐन (१९९२), बालश्रम निषेध तथा नियमित गर्ने ऐन (२०००), श्रम ऐन (१९९२) र कमैया श्रम (निषेध) ऐन (२००२) ले बालश्रमविरुद्ध प्रभावकारी कार्य लागू गर्न पर्याप्त कानुनी आधार प्रदान गरेका छन् ।

बालश्रममा प्रतिबन्ध लगाउन वा काममा संलग्न हुन पाउने बालबालिकाको न्यूनतम उमेर तोक्न अन्य कानुनी व्यवस्था यस प्रकारका छन् :- मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) सम्वन्धी ऐन (२००७), नागरिक अधिकारसम्बन्धी ऐन (१९९५); भीख माग्ने कार्य (मगन्ते) निषेधसम्बन्धी ऐन (१९६२); कारागारसम्बन्धी ऐन (१९६२); मुलुकी ऐन (१९६३), सार्वजनिक अपराध तथा सजायसम्बन्धी ऐन (१९७०) तथा वैदेशिक रोजगारीसम्बन्धी ऐन (२००७) ।

## अन्तर्राष्ट्रिय महासन्धिहरू

**संयुक्त राष्ट्र संघको बाल अधिकारसम्बन्धी महासन्धि (१९८९)** ले बालबालिकाहरु आर्थिक शोषण र हानिकारक काम, सबै प्रकारका यौन शोषण तथा दुर्व्यवहार एवं शारीरिक तथा मानसिक हिंसाबाट सुरक्षित हुन पाउने अधिकारका साथै उनीहरूको ईच्छा विपरीत आफ्नो परिवारबाट अलग गरिने छैनन् भन्ने सुनिश्चितता गर्ने आधारभूत अधिकारबारे स्पष्ट रूपमा व्याख्या गरेको छ । यी अधिकारहरूलाई दुईवटा **इच्छाधीन आलेख** मा अझ विस्तृत रूपमा प्रष्ट पारिएको छ, जसमध्ये एउटा आलेख बालबालिकाको बेचविखन, बाल वेश्यावृत्ति र बाल अश्लीलचित्र प्रदर्शन विरुद्धसम्बन्धी छ भने अर्को आलेख सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग विरुद्ध सम्बन्धित् छ ।

**रोजगारीका लागि न्यूनतम उमेरसम्बन्धी आइ.एल.ओ. महासन्धि १९७३ (नं. १३८)** ले १३ वर्ष (विकासोन्मुख देशमा १२ वर्ष) भन्दा कम उमेरका बालबालिकाले गर्ने आर्थिक क्रियाकलापलाई निषेध गरेको छ र रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर १५ वर्ष विकासोन्मुख देशमा १४ वर्ष) तोकेको छ जुन उमेर अनिवार्य शिक्षा प्राप्त गर्ने उमेर बराबर हुनुपर्दछ ।

आइ.एल.ओ. महासन्धि नं. १३८ मा उल्लेख गरिएका शर्तहरु अनुसार बालबालिकाको अनिवार्य शिक्षामा दखल नपर्ने वा उनीहरूको स्वास्थ्य र विकासमा बाधा नपर्ने गरि हलुका काम (हप्तामा १४ घन्टाभन्दा कम) गर्नका लागि १२ वर्षदेखि १४ वर्षबिचका बालबालिकालाई छुट दिईएको छ । त्यस्तै सो महासन्धिले १५-१८ वर्ष उमेरका बालबालिकालाई नियमित (हप्तामा ४३ घन्टा भन्दा कम समयसम्म) र सुरक्षित काम गर्ने अनुमति दिएको छ । बालबालिका १६ वर्ष उमेर पुगेको र योग्य निकायद्वारा पर्याप्त व्यावसायिक तालिम र संरक्षणको पूर्ण सुविधा प्राप्त गरेको अवस्थामा महासन्धिले बालबालिकालाई सुरक्षित रोजगारी वा काम गर्ने अनुमति प्रदान गरेको छ ।

**निकृष्ट प्रकारको बालश्रमसम्बन्धी आइ.एल.ओ. महासन्धि १९९९ (नं. १८२)** आइ.एल.ओ.महासन्धि नं. १३८ को पूरक हो । यसले बालबालिकालाई सबै प्रकारको दासत्व वा सो सरहको व्यवसाय जस्तै- बालबालिकाको बेचबिखन, ऋण बधुँवा, बलजफ्तीपूर्ण वा अनिवार्य रुपले बाध्यतामा गराइने श्रम वा बालबालिकालाई बेश्याबृतिको लागि प्रयोग गर्न पाइदैन भनेको छ । साथै गैरकानुनी क्रियाकलापहरु जस्तै बाल वेश्यावृत्ति, बाल अश्लील चित्र प्रदर्शन, सशस्त्र द्वन्द्वमा बालबालिकाको बलजफ्ती वा अनिवार्य भर्नाका लागि बालबालिकाको ओसारपसार र बेचबिखन गर्न पाइने छैन भनेर निर्धारण गरेको छ ।

यसको साथै आइ.एल.ओ. महासन्धि नं. १८२ ले यो महासन्धि अनुमोदन गर्ने सदस्य राष्ट्रले जोखिमपूर्ण बालश्रमभित्र कस्ता कामहरू पर्दछन् भनी निर्धारण गर्नुपर्ने आवश्यकता जाहेर गरको छ । यस महासन्धि अनुरुप सदस्य राष्ट्रले जोखिमपूर्ण बालश्रम निर्धारण गर्दा सो कामको प्रकृति वा काम गर्ने वातावरणले गर्दा बालबालिकाको स्वास्थ्य, सुरक्षा वा नैतिकतामा दखल पार्ने सम्भावनालाई ध्यान दिन आवश्यक देखिन्छ । आइ.एल.ओ. महासन्धि नं. १८२ ले यसैसँग संलग्न सिफारिस नं. १९० को अनुच्छेद ३ र ४ मा दिइएका निर्देशनात्मक मार्गदर्शन (Instructive guidelines) को पनि उल्लेख गर्दछ ।

# राष्ट्रिय कानुन तथा कानुनी संरचना

**बालबालिकासम्बन्धी ऐन, १९९२** अनुसार बालबालिका भन्नाले १६ वर्षभन्दा कम उमेरको व्यक्ति भनेर परिभाषित गरिएको छ । यो ऐनले बालबालिकाको हित र अधिकारको सुरक्षाका साथै उनीहरूको शारीरिक, मानसिक तथा बौद्धिक विकासको सुरक्षा गर्ने सुनिश्चित गरेको छ । यसले १४ वर्षभन्दा कम उमेरका बालबालिकालाई कुनै पनि प्रकारको श्रमजन्य काममा संलग्न हुन निषेध गरेको छ ।

**बालश्रम (प्रतिबन्ध तथा नियमित) सम्बन्धी ऐन, २००० ले** १४ वर्ष देखि १६ वर्ष उमेरका बालबालिकाको काम  गर्ने अवधि (हप्तामा ३६ घन्टा भन्दा बढी नहुने गरी) लाई नियमन गर्दछ तथा १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन प्रतिबन्ध लगाउँछ । यस अतिरिक्त यो ऐनले १४ वर्षभन्दा कम उमेरका बालबालिकालाई कुनै पनि जोखिमयुक्त रोजगारी/श्रमजन्य काममा संलग्न गराउन निषेध गरेको छ । यस ऐनले कुनै पनि बालबालिकालाई उसको इच्छाविपरीत ललाइफकाइ गरेर, झुटो आश्वासन दिएर वा कुनै पनि प्रकारको प्रभाव वा डर वा धम्की देखाएर वा दवावमा र वा अन्य कुनै तरिकाले श्रमिकको रुपमा काममा लगाएमा सो व्यक्तिउपर बढीमा एक वर्षको कैद वा ५० हजार रूपैयाँ जरिवाना वा दुवै सजाय हुनेछ भनि कानूनी व्यवस्था गरिएको छ ।

**कमैया श्रम (निषेध) ऐन (२००२)** ले बँधुवा (बाल) श्रमलाई निषेध गर्नुका साथै बँधुवा (बाल)  श्रमिकलाई मुक्त गर्ने एवम् यस्तो प्रचलनअन्तर्गत हुन आएको ऋण मिनाहा गर्ने प्रावधानको व्यवस्था गरेको छ । यस ऐनको परिणाम स्वरूप धेरै बँधुवा (बालिका) घरेलु दासत्वको अवस्थामा रहेका व्यक्तिहरूलाई सोबाट मुक्त गरी उनीहरूका परिवारमा पुनःस्थापना गरिएको छ ।

## संस्थागत संयन्त्र तथा मौजुदा संरचना

सन् २००२ देखि नेपाल सरकारले बालश्रम बिरुद्ध लड्न नीतिगत प्रयास तथा कार्यक्रम कार्यान्यवन मार्फत प्राथमिकता दिंदै आएको छ । जस्तैः नेपालको गरिबी निवारण रणनीति (२००३), दसौं राष्ट्रिय विकास योजना (२००२-२००७), बालश्रमसम्बन्धी राष्ट्रिय गुरुयोजना (२००४-२०१४), तीन वर्षे अन्तरिम योजना (२०१०-२०१३), सबैका लागि शिक्षा सम्बन्धी राष्ट्रिय कार्ययोजना (२००१-२०१५), विद्यालय क्षेत्र सुधार कार्यक्रम (२००९-२०१५), बालबालिकासम्बन्धी राष्ट्रिय कार्य योजना (२००५-२०१६), मानवाधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना र महिला तथा बालबालिकाको बेचविखन/ओसारपसार सम्बन्धी कार्ययोजना (२००१) तथा बाँध श्रमसम्बन्धी राष्ट्रिय कार्य योजना (२०१०) छन । बालसंरक्षण तथा बाल विकाससम्बन्धमा जिल्ला, नगरपालिका र गा.वि.स. तहमा बजेट बिनियोजन लगायत अन्य निकायहरुबाट सहयोग गरी बालश्रम निवारण गर्ने लक्ष्य हासिल गर्न आवश्यकताको वातावरण निर्माण गर्न योगदान पुऱ्याएका छन् ।

नेपालको अन्तरिम संविधान, २०६३ ले बालअधिकार (भेदभाव, शिक्षा, जोखिमयुक्त काम, हातहतियार र द्वन्द्व तथा शोषण)को सन्दर्भमा जोड दिएको छ साथै बृहत् शान्ति सम्झौता (२०६४)ले जवरजस्ती श्रम तथा बालश्रम निवारण गर्न प्रत्याभूति गरेको छ । शिक्षा नीति र शिक्षा ऐन (२०६६) मा कक्षा ८ सम्म निःशुल्क आधारभूत शिक्षाको व्यवस्था, 'पहुँचमा नपुगिएका' वा 'पहुँचमा पुग्न अप्ठचारो' अवस्थाका बालबालिकाका लागि छात्रवृत्ति र विद्यालय पहुँच (School Catchment) को व्यवस्थाले बालश्रमलाई राष्ट्रिय विकासको कार्यसूचीको अग्रस्थानमा राखेका छ र निकृष्ट स्वरूपसहितको बालश्रमविरुद्ध प्राथमिकतासाथ लड्ने पर्याप्त अवसर प्रदान गरेका छन् ।

यसबाहेक संस्थागत संयन्त्रको निर्माण तथा विकासमा श्रम तथा रोजगार मन्त्रालयमा बालश्रम निवारण शाखा, नीतिगत सल्लाह तथा समन्वय गर्न श्रम तथा रोजगार मन्त्रालयमा उच्चस्तरीय राष्ट्रिय निर्देशक समिति छ । मानव बेचविखन प्रयासको लागि मानव बेचबिखन बिरुद्ध अन्तरसंस्थागत समन्वय समूह छ । राष्ट्रिय मानव अधिकार आयोगमा बाल अधिकार डेस्क,  महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा केन्द्रीय बाल कल्याण समितिले बालश्रम निवारणको राष्ट्रिय लक्ष्य हासिल गर्न महत्वपूर्ण माध्यम तथा उपायहरु प्रदान गरेका छन् ।

## क्षेत्रीय जिल्ला र समुदायस्तरका संरचनाहरू

- दसवटा श्रम कार्यालय (झापा, मोरङ, धनुषा, पर्सा, मकवानपुर, काठमाडौं, कास्की, रूपन्देही, बाँके र कैलाली) ।
- पचहत्तरै जिल्लामा महिला तथा बाल कार्यालयहरु ।
- पचहत्तरै जिल्लामा जिल्ला बाल कल्याण समितिहरु ।
- तीस जिल्लामा बाल इजलास तथा ७५ जिल्लामा महिला प्रहरी र बाल सेवा केन्द्र स्थापना गरिएका छन् ।
- एक हजार एकाउन्न गा.वि.स.मा बाल संरक्षण र प्रवर्द्धन समितिको गठन ।
- देशव्यापी रूपमा बाल क्लबको गठन ।
- बाल हेल्प लाइन १०९८ र निःशुल्क टेलिफोन नं. १०४ को प्रवर्द्धन ।

## बालश्रम निवारणको लागि राष्ट्रिय गुरुयोजना (२०११-२०२०)

आइ.एल.ओ. महासन्धि नं. १३८ र नं. १८२ को अनुमोदन गरेलगत्तै बालश्रमसम्बन्धी अघिल्लो राष्ट्रिय गुरुयोजना (२००४-२०१४) पारित भएको थियो। त्यसको योजना र कार्यान्वयनलाई सुदृढ गर्ने उद्देश्यले पहिलो राष्ट्रिय गुरुयोजनाको सन् २०१० मा समीक्षा गरी नेपालमा बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना (२०११-२०२०) अध्यावधिक गरिएको छ। आइ.एल.ओ. महासन्धिका प्रावधानमा आधारित वर्तमान राष्ट्रिय गुरुयोजना नेपालमा सबै प्रकारका बालश्रमविरुद्ध लक्षित छ। यो गुरुयोजना सरकारबाट अनुमोदन हुन बाँकी छ। अन्तर्राष्ट्रिय मार्गचित्र (२०१०) सँग अनुकूल हुनेगरी राष्ट्रिय गुरुयोजनाले सन् २०१६ सम्ममा तोकिएका निकृष्ट प्रकारका बालश्रमको उन्मूलन गर्ने तथा २०२० सम्ममा सबै प्रकारका बालश्रमको उन्मूलन गर्ने लक्ष्य लिएको छ।

राष्ट्रिय गुरुयोजना कार्यान्वयनका लागि श्रम तथा रोजगार मन्त्रालय जिम्मेवार भए पनि यसले समन्वय, अनुगमन तथा कामको विवरण/प्रतिवेदनसम्बन्धी प्रमुख कामहरू बालश्रम निवारण शाखालाई प्रत्यायोजन गरेको छ। बालश्रम निवारण शाखा नै बालश्रमसँग सम्बन्धित सम्पूर्ण प्रयासलाई एकीकृत गर्ने प्रमुख राष्ट्रिय निकाय हो।

## समस्या र चुनौतीहरू

गुरुयोजनामार्फत जोड दिइएका तथा सरकारका तर्फबाट विगतमा गरिएका विभिन्न प्रतिबद्धतालाई प्रभावकारी र पर्याप्त कार्य रूपमा रूपान्तरण गर्ने प्रयास गर्दागर्दै पनि केही समस्याहरु विद्यमान छन् :

- राष्ट्रिय बालश्रम नीति तथा बालमैत्री बजेट विनियोजनसहितको ठोस कार्यान्वयन रणनीतिको अभाव।
- अपर्याप्त कानुनी तथा नियामक संरचना (जस्तैः- जोखिमयुक्त बालश्रमको स्पष्ट परिभाषाको अभाव) र कार्यान्वयन क्षमताको अभाव।
- पर्याप्त पेशागत स्वास्थ्य र सुरक्षाको साथै बालसंरक्षण मापदण्डहरुको रोकथाम र उपचारात्मक दुवै तहमा अभाव।
- बालश्रम उन्मूलन प्रयासमा समन्वय, अनुगमन तथा त्यसको प्रतिवेदन/विवरणसम्बन्धी कार्यमा मानव श्रोत तथा संस्थागत क्षमता/संरचनाको कमी।
- बालश्रमको कारण र परिणाम तथा शिक्षा र विशेषगरी गरिबीसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा सहस्राब्दी विकास लक्ष्यका उद्देश्यसँग अभिन्न रूपले गाँसिएका अन्तरसम्बन्धित विषयमा चेतनाको कमी।

## निकास/समाधान

नेपाल सरकारले बालश्रम बिरुद्ध लड्नको लागि अन्तर्राष्ट्रिय महासन्धिलाई अनुमोदन गरी प्रतिबद्धता जाहेर गरेको छ। राष्ट्रिय गुरुयोजनाको कार्यान्वयन गर्न श्रम तथा रोजगार मन्त्रालयअन्तर्गत बालश्रम निवारण शाखालाई जिम्मेवारी दिएको छ। राष्ट्रिय बालश्रम नीति, जोखिमपूर्ण बालश्रम निर्धारण, कार्यथलोमा पेशागत सुरक्षा तथा स्वास्थ्यसम्बन्धी मापदण्डको सुदृढीकरण, अन्तरक्षेत्र तथा अन्तरमन्त्रालय संचार/समन्वयको सुदृढीकरण र बालश्रम तथा बाल संरक्षणमा सम्बन्धित सार्वजनिक र निजी, राष्ट्रिय र स्थानीय निकायहरुको क्षमता अभिबृद्धि लगायत प्रभावकारी कानून, नीति, कार्यक्रमहरु कार्यान्वयन तथा मूल्याङ्कनको प्रतिबद्धताको नेतृत्व लिनुपर्छ। सन् २०१६ सम्ममा तोकिएको निकृष्ट बालश्रम उन्मूलन तथा २०२० सम्ममा सबै प्रकारका बालश्रमको अन्त्य गर्नका लागि तात्कालिक दीगो रूपमा काम गर्नु आवश्यक छ। राष्ट्रिय गुरुयोजनालाई प्रमुख सरोकारवालाहरुबाट आत्मसात् गराई राष्ट्रिय रुपमा स्वामित्व हासिल गराउन, नेपाल सरकारले छिटोमा यस गुरुयोजनालाई अनुमोदन गरी बालश्रम उन्मुलनको लक्ष्यतर्फ अघि बढ्न जरुरी देखिन्छ।


थप जानकारीको लागि सम्पर्कः

**आइ.एल.ओ. कार्यालय (नेपाल)**

धोबीघाट-नयाँ बाटो, ललितपुर

फोनः ९७७-१-५५५५७७७, फ्याक्सः ९७७-१-५५५०७१४

ईमेलः kathmandu@ilo.org

वेभसाइटः www.ilo.org/kathmandu


Ministry of Labour & Employment

National Human Rights Commission

unicef

WORLD EDUCATION

International Labour Organization